# *निर्णय नं. ४६३४ - मुद्दा दोहोर्या.ई हेरी पाउँ*

भाग: **३४** साल: **२०४९** महिना: **माघ** अंक: **१०**
फैसला मिति :२०४९/१०/२९ १२६७

निर्णय नं. ४६३४ ने.का.प. २०४९ (ग) अङ्क १०

## *संयुक्त इजलास*
## *का.मु.सम्माननीय प्रधान न्यायाधीश श्री सुरेन्द्रप्रसाद सिंह*
## *माननीय न्यायाधीश श्री गजेन्द्रकेशरी वास्तोला*
## *२०४७ सालको नि.नं. ५२*

आदेश भएको मिति *:* २०४९।१०।२९।५ मा

निवेदक/वादी*:* का.जि.चोभार भूतखेल गा.पं. वार्ड नं. ५ बस्ने मयसुली महर्जन

विरुद्ध

विपक्षी/प्रतिवादी*:* ल.पु.जि.सैंबू गा.पं. वार्ड नं. ६ बस्ने कृष्णबहादुर महर्जन

मुद्दा *:* जोताहा कायम गरी जो.अ.पाउँ

विषय *:* मुद्दा दोहोऱ्याई हेरी पाउँ

(१) निवेदिकाको जोत हुने गरी जग्गा धनीसंग कबूलियत भए तापनि कानुन बमोजिम मोही लगत कट्टा नगरी गरेको त्यस्तो कबूलियतलाई मान्यता दिई मोही हक दिने नदिने भन्ने विषयमा भू.सु.का.बाट निर्णय दिन नमिल्ने ।

(प्रकरण नं. ४)

आदेश

१. सर्वोच्च अदालत संयुक्तइजलासको फैसला दोहोऱ्याई हेरी पाउँ भनी न्यायिक समितिमा परेको निवेदन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १३०(८) बमोजिम पुनरावलोकनको रुपमा हेरी किनारा गर्नु पर्ने भई पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं निर्णय आदेश यस प्रकार छ *:*–

२. बाबु चक्रमानको मोही हक भएको ल.पु. सैंबू गा.पं. वार्ड नं. ६ ख. को कि.नं. २३२ र २२६ को बाबु चक्रमान परलोक भएकोले मेरो नाममा मोही हक कायम गरी पाउँ भन्ने समेत व्यहोराको मयसुली महर्जनको निवेदन र त्यसै गरी उक्त कित्ता लगायत बाजे चक्रमानको मोही हक कायम रहेको जग्गाको मेरो नाममा मोही हक कायम गरी पाउँ भन्ने समेत व्यहोराको कृष्णबहादुर महर्जनको निवेदन भू.सु.का. ललितपुरमा परेकोमा भू.सु.का. ललितपुरबाट मयसुली महर्जनको निवेदन खारेज गरी कृष्णबहादुर महर्जनको निवेदन तर्फ प्रमाण पुऱ्याई हकदारले भोग गरेका बखत जोत नामसारीतर्फ कारवाही हुने भन्ने ०४४।७।३ को निर्णयलाई बागमती अञ्चल अदालतले सदरै गरेको । सो उपर मध्यमाञ्चल क्षेत्रीय

NEPAL KANOON PATRIKA

अदालतले पुनरावेदनको अनुमति प्रदान गरेको रहेनछ । सो उपर सर्वोच्च अदालतमा पुनरावेदन पर्दा मध्यमाञ्चल क्षेत्रीय अदालतले अनुमति नदिने गरी गरेको आदेशलाई मनासिब ठहऱ्याई मिति २०४६।३।१३।३ मा फैसला गरेको रहेछ ।

३. साविक मोही चक्रमानको स्वास्नी छोरा नभएबाट म छोरीले मोही हक पाउनु पर्ने हो । जग्गा धनीसंग मोही हक सम्बन्धी कबूलियत समेत गरेकी छु । नाती कृष्णबहादुरलाई मोही हक प्राप्त हुन सक्ने अवस्था छैन । तसर्थ सबूद प्रमाण नबुझी मेरो निवेदन खारेज गर्ने गरी गरेको भू.सु.का. ललितपुरको निर्णयलाई कायमै राख्ने गरी सर्वोच्च अदालतले गरेको फैसला त्रुटिपूर्ण हुँदा सर्वोच्च अदालतको निर्णय दोहोऱ्याई हेरी पाउँ भन्ने समेत व्यहोराको मयसुली महर्जनको निवेदन पर्न आएको रहेछ ।

४. नियम बमोजिम पेश भई आएकोमा मिसिल संलग्न कागजात हेर्दा कृष्णबहादुर महर्जन साविक मोही चक्रमानको छोराको छोरा नाती नाताका व्यक्ति देखिएका । नातीले भू.सु. ऐन, २०२१ को दफा २६ बमोजिम मोही हक पाउने नाताका मानिस नभएका भए तापनि आफ्नु बाबुको जोत प्राप्त भएको देखाउन सकेका बखत निर्णय गर्ने गरी भू.सु.का.बाट भएको निर्णय कानुन बमोजिम नै भएको पाइयो । निवेदिका मयसुली महर्जनको जोत हुने गरी जग्गा धनीसंग कबूलियत भए तापनि कानुन बमोजिम मोही लगत कट्टा नगरी गरेको त्यस्तो कबूलियतलाई मान्यता दिई मोही हक दिने नदिने भन्ने विषयमा भू.सु.का.बाट निर्णय दिन मिल्ने अवस्था समेत देखिएन । साथै मयसुली महर्जन उक्त ऐनको दफा २६ ले मोही हक पाउने छोरा स्वास्नीको नाता समेत भएको नहुँदा निजको निवेदन खारेज गर्ने गरी गरेको निर्णयलाई सदरै राखी पुनरावेदनको अनुमति नदिने गरेको क्षे.अ.को आदेश मनासिब ठहऱ्याई गरेको सर्वोच्च अदालतको फैसलामा कुनै कानुनी त्रुटि रहे भएको देखिन नआएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(४) र सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५३ को प्रयोजनार्थ निवेदकलाई पुनरावलोकनको निस्सा दिइरहन परेन । लगत कट्टा गरी कानुन बमोजिम गर्नु ।

न्यायाधीश का.मु.प्रधान न्यायाधीश

इतिसम्वत् २०४९ साल माघ २९ गते रोज ५ शुभम् ।

## भर्खरै प्रकाशित नजिरहरू

- **१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)**

  *फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७७-WH-००११*
- **१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)**

*फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२*

- *१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)*

*फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७*

- *१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)*

*फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६*

- *१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)*

*फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३*

# धेरै हेरिएका नजिरहरु

- *निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)*

*फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-१२८८*

- *निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)*

*फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३*

- *निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)*

*फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६*

- *निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)*

*फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९१२*

- *निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)*

*फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५*